# भक्तपुर नगरपालिकाको एघारौं  नगर सभा

## २०७८ माघ २६ गते, बुधबार (पहिलो दिन)

१) भक्तपुर नगरपालिकाको एघारौं नगर सभाको उद्घाटन समारोह नेपाल मजदुर किसान पार्टीका सचिव एवं संघीय सांसद श्री प्रेम सुवालज्यूको प्रमुख आतिथ्यमा सम्पन्न भयो ।

२. भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिज्यूको सभापतित्वमा सम्पन्न उक्त समारोहमा प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका सचिव एवं संघीय सांसद श्री प्रेम सुवाल, विशेष अतिथि बागमती प्रदेश सभाका सदस्य माननीय श्री सुरेन्द्रराज गोसाई, उपप्रमुख श्री रजनी जोशी, ७ नं. वडाका वडाअध्यक्ष श्री उकेश कवां, प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण गिरी र ९ नं. वडाका वडाअध्यक्ष श्री रविन्द्र ज्याख्वले बोल्नु भएको थियो ।

३. एघारौं नगर सभाको औपचारिक उद्घाटन समारोह पश्चात् सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिले नगर सभाको बैठकको आरम्भ गरी समसामयिक विषयमा प्रकाश पार्नु भयो । उहाँले उद्घाटन समारोह सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नु हुने सबैमा धन्यवाद ज्ञापन गर्नु हुंदै अर्को बैठक २०७८ माघ २७ गते विहीबार दिनको १:०० बजे बस्ने जानकारी गराउनु भयो ।

**भक्तपुर नगरपालिकाको एघारौं नगर सभा (दोस्रो दिन)**
**२०७८ माघ २७ गते, बिहीबार**

१. सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिबाट एघारौं नगर सभाको दोश्रो दिनको बैठक शुरु गर्नु हुंदै आजको कार्यसूचिमा विशेष समयको व्यवस्था गरेको जानकारी गराउंदै विशेष समयमा बोल्न चाहनु हुने सभासदहरुले नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

२. विशेष समयमा बोल्नु हुँदै सभासद श्री राजेन्द्र माकले अहिले नेपालमा विशेष चर्चामा रहेको एम.सी.सी. अमेरिकी साम्राज्यवादले इण्डोप्यासिफिक रणनीति अन्तर्गत चीनलाई चारैतिरबाट घेर्न नेपालमा सहयोग गर्ने नाममा अमेरिकी सेना प्रवेश गराउने षडयन्त्र भएको, यसले नेपालको प्राकृतिक स्रोत दोहन गर्ने, नेपाललाई युद्ध भूमिमा परिणत गर्ने, देशको सार्वभौम सत्ता जोखिममा पर्ने, भारतको मातहतको राज्य जस्तै व्यवहार हुने भएकोले यो सम्झौता राष्ट्रघाती छ र यसको देशभक्त सबै राजनैतिक दल र जनताले विरोध गर्नुपर्ने हुंदा विरोध प्रस्ताव राख्नु भयो ।

३. सभासद श्री छोरी मैया सुजखुले विशेष समयमा बोल्नु हुंदै राष्ट्रघाती एम.सी.सी. सम्झौता अमेरिकाको साम्राज्यवादी नीति अनुसार आएको सहयोग सम्झौता भएको, यसलाई नेपालको कानूनभन्दा माथि राख्न संसदबाट अनुमोदन गराउन खोजेको यस परियोजनाको विरुद्ध नेपालमा उजुरी नलाग्ने र अमेरिकी परियोजना संचालन भएका मुलुकहरु ध्वस्त भएको वास्तविकतालाई मनन गर्दै सबै सचेत जनताले यसलाई विरोध गर्नु पर्ने विचार राख्नु भयो ।

४. त्यस्तै सभासद श्री शिवप्रसाद बालाले एम.सी.सी. सम्झौता बारे बोल्नु हुँदै विदेशीहरुले आफ्नो स्वार्थ पूर्तिको लागि सहयोग गर्ने, सम्झौता संसदबाट पारित गर्न नहुने, यसले नेपालको Pattern Right हनन हुने, देशको विद्युत विदेशमा सस्तोमा निर्यात गर्ने, अमेरिकी साम्राज्यवादले आर्थिक सहयोगको नाममा नेपाललाई नवउपनिवेश बनाउने विचार राख्नु भयो ।

५. सभासद श्री तुल्सीलक्ष्मी दुमरुले एम.सी.सी. सम्झौता छिमेकी राष्ट्रहरु चीन र भारतलाई युद्धमा फसाई हतियारको व्यापार गर्न संसारकै ठूलो हतियार उत्पादक अमेरिकाले नेपालमा अस्थिरता ल्याउन यो सम्झौता गराउन सरकारमा जाने ठूला दलहरुलाई धम्की दिइराखेको हुंदा यो कुनै पनि हालतमा सहयोग नभई सहयोगको नाममा आउने षडयन्त्र भएकोले यसको सबै सचेत नागरिकले विरोध गर्नुपर्ने विचार राख्नु भयो ।

६. त्यस्तै सभासद श्री पूर्णगोपाल राजचलले अमेरिकाले सडक सुधार र विद्युत प्रसारण लाइनको विस्तार गर्न ५० करोड डलर सहयोग गर्ने नाममा नेपाल भारतको एउटा प्रान्तको जस्तो व्यवहार गर्ने, नेपालको संविधानलाई कागजको खोस्ता बनाउने, सहयोग रकम विलासी सुविधासहित कार्यालय संचालन गरेर दुरुपयोग गरी देशलाई परनिर्भर बनाउने षडयन्त्र भएकोले यसको घोर विरोध गर्नुपर्ने विचार राख्नु भयो ।

७. सभासद श्री रञ्जना त्वातीले विशेष समयमा बोल्नु हुंदै हनुमानघाट क्षेत्रको शिलु महादेव मन्दिर जीर्णोद्धार गर्नुपर्ने, श्रीमानको मृत्यु पश्चात् विधुवा महिलाले चुरा फुटाउने संस्कार गर्ने स्थानको व्यवस्थापन गर्नुपर्नेलगायत हनुमानघाट क्षेत्र व्यवस्थित गर्नुपर्ने सुझाव दिनु भयो ।

८. सभासद श्री जितेन्द्र मुनंकर्मीले विशेष समयमा बोल्नु हुंदै एम.सी.सी. सम्झौता संसदबाट पारित गराउन खोज्नु यो नेपालको संविधानभन्दा माथि राख्न खोज्नु हो, श्रीलंकामा एम.सी.सी. सम्झौता खारेज भएको छ, यो सम्झौताले देशको आर्थिक विकास नभई देश नवउपनिवेश हुने भएकोले श्रीलंकाबाट शिक्षा लिई यो सम्झौतालाई फिर्ता गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

९. विशेष समयमा बोल्नु हुंदै सभासद श्री सूर्यप्रसाद श्रेष्ठले देशघाती एम.सी.सी. सम्झौता बाबुराम भट्टराई प्रधानमन्त्री भएको बेलामा शुरुको सम्झौता भएको, अहिले याक एण्ड यति होटेलमा महिनाको १६ लाख भाडा तिरेर हालसम्म ४ अर्बभन्दा बढी खर्च गरिसकेको, यो सम्झौताको दफा ६.८ मा यो सम्झौताबाट कुनै नेपालीलाई हानी नोक्सानी भएमा कुनै मुद्दा नलाग्ने व्यवस्था भएको र सम्झौताको अनुसूचि ५(क) मा भारतको सहमति पछि मात्र कुनै पनि योजना कार्यान्वयन हुने उल्लेख भएकोले देशघाती भएको विचार व्यक्त गर्नुभयो ।

१०.त्यस्तै सभासद श्री बलराम न्हिसुतुले छलफलमा भाग लिनु हुंदै तलेजुभित्रको ५४ वटा सयौं वर्ष पुरानो पौवा चित्रहरु प्रदर्शनीमा राख्नु पर्ने, नगर क्षेत्रका सांस्कृतिक समूहहरुलाई वाध्यवादनका सामाग्रीहरु

का साथै अन्य आवश्यक सामग्रीहरु सहयोग गर्नुपर्ने र नगरपालिकाबाट सांस्कृतिक संग्रहालय संचालन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

११. विशेष समयमा बोल्नु हुंदै सभासद श्री गोविन्द दुवालले एम.सी.सी. सम्झौता अमेरिकी साम्राज्यवादको एशियालाई युद्धमा धकेल्ने षडयन्त्र भएको, चीनलाई एशिया प्यासिफिक रणनीति अन्तर्गत चारैतिरबाट घेर्ने उद्देश्यका साथ आएको ठूला राजनैतिक दलहरुलाई धम्की र प्रलोभनमा पारेर नेपाललाई नवउपनिवेदश बनाउन खोजेको विचार व्यक्त गर्नुभयो ।

१२. सभाअध्यक्ष प्रजापतिले विशेष समयमा बोल्नु हुने सभासदहरुको विषयगत रुपमा संक्षिप्त सभामा पेश गर्नु हुंदै नगरसभा बैचारिक संघर्ष गर्ने थलो भएको बताउनु हुंदै नगरको भौतिक विकासका साथै नगरवासीहरुको सांस्कृतिक र बौद्धिक विकास पनि महत्वपूर्ण भएको विचार राख्नु भयो ।

१३. सभा अध्यक्ष श्री प्रजापतिले आ.व.२०७८/०७९ को श्रावण १ गतेदेखि २०७८ माघ २७ गतेसम्मको नगर कार्यपालिकाको बैठक, विभिन्न समितिहरु, उपसमितिहरु, नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतबाट भए गरेका सम्पूर्ण निर्णय, आदेश र काम कार्वाही अनुमोदनको लागि सभामा प्रस्ताव पेश गर्नुभयो र उक्त प्रस्तावहरु सभासदहरुको समर्थनपछि सर्वसम्मतिले पारित घोषणा गर्नुभयो ।

१४. सभा अध्यक्ष प्रजापतिले भक्तपुर नगरपालिकाको एघारौं नगरसभाको अर्को बैठक मिति २०७८ फागुन ३ गते, मंगलबार दिनको १:०० बजे बस्ने जानकारी गराउनु भयो ।

# भक्तपुर नगरपालिकाको एघारौं नगर सभा (तेश्रो दिन)

## २०७८ फागुन ३ गते, मंगलबार

१. सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिबाट एघारौं नगर सभाको तेश्रो दिनको बैठक शुरु गर्नु हुंदै आजको बैठकमा नगरपालिकाबाट गठित विभिन्न समितिहरुको प्रतिवेदन पेश गर्ने कार्यसूची रहेको जानकारी गराउँदै क्रमश: निम्न समितिका संयोजक एवं सदस्यहरुलाई समितिको प्रतिवेदन पेश गर्न समय प्रदान गर्नुभयो र समितिका संयोजक एवं सदस्यहरुले समितिको प्रतिवेदन सभामा पेश गर्नुभयो।

१. खानेपानीको श्रोत पहिचान तथा संभाव्यता अध्ययन समितिका संयोजक श्री महेन्द्र खायमली
२. युवा तथा खेलकुद समितिका संयोजक श्री श्यामकृष्ण खत्री
३. कृषि समिति तथा बजार अनुगमन समितिका संयोजक श्री राजकृष्ण गोरा
४. महिला, बालबालिका तथा समाज कल्याण समितिका संयोजक श्री रोशनमैया सुवाल
५. सूचिकरण समितिका सदस्य श्री हरिराम सुवाल
६. निर्माण समितिका संयोजक श्री उकेश कवां

२. सभा अध्यक्ष प्रजापतिले बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक एवं उपप्रमुख श्री रजनी जोशीलाई आ.व.२०७८/०७९ को बजेटको रकमान्तरण प्रस्ताव सभा पेश गर्न समय प्रदान गर्नुभयो र उपप्रमुख जोशीले रकमान्तरण प्रस्ताव सभामा पेश गर्नुभयो।

३. सभा अध्यक्ष प्रजापतिले प्रस्तुत आ.व.२०७८/०७९ को बजेटको निम्न बमोजिमको रकमान्तरण प्रस्ताव पारित गर्न सभामा पेश गर्नुभयो र सर्वसम्मतिले उक्त प्रस्ताव पारित भएको घोषणा गर्नुभयो :-

आ.व. २०७८/७९ को यस न.पा. दशौं नगरसभाबाट पारित बजेटमा निम्न बमोजिमका स्वीकृत योजनाहरूमा संशोधित थप बजेट प्रस्तावको लागि रकमान्तरण गर्ने र उक्त रकमान्तरण पारित गर्न नगरसभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो :

| क्र.स. | बजेट अपुग भएको योजनाको नाम | ल.ई. | विनियोजित बजेट | हालसम्मको खर्च | थप विनियोजित बजेट | बजेट संशोधित योजना | साविक विनियोजित बजेट | संशोधन पश्चात् बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|
| १ | सुधारिएको शवदाह गृह निर्माण कार्य | ५,७५७,४३३।५७ | २,५००,०००।०० | १,९००,०००।०० | ३,०००,०००।०० | छिपा तां (पुल) परिसर ढुंगा छपाई तथा घाट मर्मत कार्य | ५,०००,०००।०० | २,०००,०००।०० |
| २ | फोहोरमैला प्रशोधन केन्द्र निर्माण कार्य | ९,३३८,४८१।६० | १,२००,०००।०० | ६,३००,९२७६१ | ९००,०००।०० | गोल घर पुन:निर्माण कार्य | १,०००,०००।०० | १०००००।०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ५००,०००।०० | भैपरि आउने पूंजीगत खर्च | ४,५००,०००।०० | ५०००००।०० |
| ३ | लक्ष्मी नरसिंह मन्दिर पुन:निर्माण कार्य | ८,७९३,७०८।४३ | ५,०००,०००।०० | ५,२२२,६७८।०० | ३,५००,०००।०० | भैपरि आउने पूंजीगत खर्च | | |
| ४ | मचो भैरव लोहलांदेखि मेंतसम्मको ढुंगा छपाई बाटो मर्मत कार्य | १,९०८,६३८।०३ | १,०००,०००।०० | १,३३३,५४३।५० | ४००,०००।०० | नगरका विभिन स्थानहरूमा पीच निर्माण कार्य | ७,०००,०००।०० | ५९०००००।०० |
| ५ | पुरानो जगाती बाटोमा पीच कार्य | २,२००,०००।०० | | | ७००,०००।०० | | | |
| | | | | | ७००,०००।०० | पर्ति जग्गा संरक्षण तथा सिमांकन सम्बन्धमा | १,०००,०००।०० | ३०००००।०० |
| | | | | | ८००,०००।०० | हाडा छें पुन:निर्माण कार्य | ५,०००,०००।०० | ४२०००००।०० |
| ६ | भक्तपुर नपा भवनको उत्तरतर्फको परिसरमाको बाटोमा ढुंगा छपाई कार्य | २,००४,७४०।३५ | ०।०० | ०।०० | २,०००,०००।०० | इन्द्रायणी द्यो: छें. पुन:निर्माण कार्य | ५,०००,०००।०० | ३००००००।०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **जम्मा** | | | | **१२,५००,०००।००** | | | |

यस न.पा.को १० औ नागर सभावाट पारिट आ.व. २०७८।७९ को वजेटमा चालु तर्फको रकमान्तर निम्न वमोजिम गने प्रस्ताव

| सि.नं. | शिर्षक | विननियोजन | खर्च | बांकी | नपुग | झिक्ने शिर्षक | थप्ने क.सं. |
|---|---|---|---|---|---|---|---|
| १ | पानी विजुली | ३००००००।० | १५७१०००।० | १४२९०००।० | १००००००।० | | |
| २ | सवारी इन्धन | १३०००००।० | ९९२०००।० | ३०८०००।० | १००००००।० | | |
| ३ | सफाइ इन्धन | ६००००००।० | ३५२१०००।० | २४७९०००।० | १००००००।० | | |
| ४ | मसलन्द | ३००००००।० | ६६५०००।० | २३३५०००।० | | (५०००००।० | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | मेशिनरी औजार मर्मत | १०००००००।० | ०।० | १०००००००।० | | (५००००००।० | १ |
| ६ | पत्रपत्रिका तथा सूचना प्रकाशन | ४०००००००।० | २२३२००००।० | १७६८००००।० | ५००००००।० | | |
| ७ | सेवा र परामर्श | १५००००००।० | ३४२०००।० | ११५८००००।० | | (५००००००।० | २ |
| ८ | सूचना प्रणाली तथा सफ्टवेयर | २०००००००।० | २२०००।० | १९७८००००।० | | १०००००००।० | ३ |
| ९ | सिप विकास तथा जनचेतना | ८००००००।० | ०।० | ८००००००।० | | (५००००००।० | २ |
| १० | कर्मचारी पोशाक | ११५००००००।० | १००२६०००।० | १४७४००००।० | | (५००००००।० | ६ |
| | जम्मा | | | | ३५००००००।० | (३५००००००।० | |

**४. सभा अध्यक्ष प्रजापतिले सभाको अर्को बैठक मिति २०७८।११।५ गते दिनको १:०० बजे बस्ने जानकारी गराउनु भयो ।**

# भक्तपुर नगरपालिकाको एघारौं नगर सभा (चौथो दिन)

## २०७८ फागुन ५ गते, बिहीबार

१. सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिबाट एघारौं नगर सभाको चौथो दिनको बैठक शुरु गर्नु हुंदै विशेष समयमा बोल्न चाहने सभासदहरुलाई समय प्रदान गर्नुभयो र बोल्ने चाहनु हुने सभासदहरुको नाम टिपाउन र टिप्न कर्मचारीहरुलाई निर्देशन दिनुभयो ।

२. विशेष समयमा बोल्नु हुंदै सभासद् श्री राजेन्द्र माकले बाराही पुलको उचाई बढाई यथाशीघ्र निर्माण सम्पन्न गर्नुपर्ने, मंगल तिर्थघाटको व्यवस्थित गर्नुपर्ने र वडा निरीक्षकहरुलाई नगरपालिकाका साथै वडा कार्यालयमा पनि प्रतिवेदन बुझाउने व्यवस्था गरी थप जवाफदेही बनाउनु पर्ने सुझाव दिनु भयो ।

३. सभासद श्री सूर्य प्रसाद श्रेष्ठले विशेष समयमा बोल्नु हुंदै भक्तपुर नगर क्षेत्रका सडक बत्तीहरु व्यवस्थित एवम् नियमित मर्मत संभार गर्नुपर्ने, भ.न.पा. १ सल्लाघारीस्थित १०८ रोपनी जग्गाको दुरुपयोग नियन्त्रण गर्नुपर्ने, उद्योगहरुबाट सिर्जना हुने ध्वनी र वायु प्रदुषण नियन्त्रण गर्नुपर्ने, भ.न.पा.वडा १ हाकुफो हिटीदेखि मूपुज्वः मन्दिरसम्मको ढल व्यवस्थापन गर्नुपर्ने र हनुमन्ते करिडोर निर्माण कार्य विस्तार गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने सुझाव दिनु भयो ।

४. विशेष समयमा बोल्नु हुंदै सभासद श्री कृष्ण गोपाल चौगुठीले भ.न.पा. वडा नं. ३ को वडा कार्यालय भवन निर्माणको बेरुजु फछ्र्यौट गर्न पहल गर्नुपर्ने, राम मन्दिरदेखि मंगलतिर्थसम्मको हनुमन्ते खोला सुधार योजनाको बेरुजु फछ्र्यौट गर्न सहजिकरण गर्नुपर्ने र देगमना पाटीको जीर्णोद्धार गर्नुपर्ने सुझाव दिनु भयो ।

५. सभासद श्री गंगालक्ष्मी वमनुले विशेष समयको छलफलमा भाग लिनु हुंदै भक्तपुर नगर क्षेत्रका पोखरीहरुमा हिउंद र सुख्खायाममा पनि पानीको सतह नघट्ने गरी सन्तुलित राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने, भक्तपुर नगर क्षेत्रका कृषकहरुको लागि पर्याप्त मात्रामा रसायनिक मल उपलब्ध गराउन कोटा बढाउने सम्बन्धमा पहल गर्नुपर्ने, हनुमन्ते खोला सुधार गर्नुपर्ने, दूधपाटीस्थित विभिन्न अस्पतालहरु मा भर्ना हुने विरामीका विरामी कुरुवाहरुलाई समेत बसोबासको व्यवस्था हुने गरी भ.न.पा. १ को बहुउद्देशीय भवन तत्काल निर्माण गर्नुपर्ने, महिला स्वास्थ्य स्वंयम्सेविकाहरुलाई पोशाक भत्ता र प्रोत्साहन भत्ता तत्काल उपलब्ध गराउनुपर्ने र भ.न.पा. १ सल्लाघारीस्थित सडक छेउमा तत्काल सडम पेटी निर्माण गर्नुपर्ने सुझाव दिनु भयो ।

६. विशेष समयमा बोल्नु हुंदै सभासद श्री रत्नकाजी नायभारीले भ.न.पा.२ स्थित सानो व्यासी, दोक्छें, मिवाछें क्षेत्रको खानेपानी समस्या समाधान गर्नुपर्ने, देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजना यथाशीघ्र सम्पन्न गर्नुपर्ने, व्यासीस्थित शहरी स्वास्थ्य केन्द्रको स्तर वृद्धि गर्नुपर्ने, खासाङ्गखुसुङ्ग खोला सुधार गर्नुपर्ने र मल वितरण व्यवस्थित गर्नुपर्ने विचार व्यक्त गर्नुभयो।

७. सभासद श्री श्यामसुन्दर मातांले छलफलमा भाग लिनु हुंदै कृषकहरुलाई नेपाल सरकारबाट उपलब्ध गराउने अनुदानको कृषि सामग्री सहज रुपमा कृषकहरुले प्राप्त गराउन आवश्यक पहल गराउनु पर्ने, तरकारी बजार व्यवस्था गर्नुपर्ने, मलको कोटा बढाउनु पर्ने, खानेपानी समस्या समाधान गर्नुपर्ने, देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजनामा खानेपानीको पाइप विछ्याउनु पर्ने, शहीद स्मृति खेल मैदान स्तरोन्नती शीघ्र गर्नुपर्ने, यस वर्षको अन्तर नगर खेलकुद प्रतियोगिता संचालन गर्ने सम्बन्धी शीघ्र निर्णय गर्नुपर्ने, अवैधानिक बहुउद्देश्यी सहकारी संस्थाहरु बन्द गराउनु पर्ने, आवास योजना यथाशीघ्र सम्पन्न गर्नुपर्ने, न.पा.का कर्मचारीहरुलाई शिष्टाचार सिकाउनु पर्ने, सांस्कृतिक प्रतिष्ठान शीघ्र निर्माण गर्नुपर्ने, सडक बत्ती मर्मत संभार नियमित गर्नुपर्ने, खासाङ्गखुसुङ्ग र हनुमन्ते खोलाको सिमांकन गर्नुपर्ने, नगर क्षेत्रभित्र सःशुल्क पार्किङ्ग व्यवस्था गर्नुपर्ने र सूचिकरण व्यवस्थित गर्नुपर्ने धारणा राख्नुभयो।

८. विशेष समयको छलफलमा भाग लिनु हुंदै सभासद श्री पूर्णगोपाल राजचलले खानेपानीको लागि बाटो खन्न बुझाउनु पर्ने रकम धेरै भएकोले गरिबहरुलाई समस्या परेको हुंदा यसको पुर्नविचार गर्नुपर्ने, भ.न.पा. वडा नं. ५ मा पर्यटक बस पार्क बनाउनु पर्ने, सांस्कृतिक बाजागाजा प्रवर्द्धन कार्यक्रम संचालन गर्नुपर्ने, मल वितरण व्यवस्थित गर्नुपर्ने, उन्नत बिउ विजनको व्यवस्था गर्नुपर्ने र नगरपालिकाबाट विदेशीहरुलाई निःशुल्क वितरण गरिने ब्रसरमा भ.न.पा. ५, चासुखेलस्थित ऐतिहासिक एवं सांस्कृतिक चण्डेश्वरी मन्दिरको विषयमा उल्लेख गर्नुपर्ने विचार राख्नुभयो।

९. सभासद श्री ज्ञानकुमार मगजुले छलफलमा भाग लिनु हुंदै देशघाती एम.सी.सी. सम्झौता खारेज गर्नुपर्ने, खानेपानीको श्रोत बढाउनु पर्ने, मलको कोटा बढाउन पहल गर्नुपर्ने, समयमै सडक बत्ती मर्मत गर्नुपर्ने र भ.न.पा. १०, ब्यारेकस्थित समि फल्चा संरक्षण गर्नुपर्ने विचार व्यक्त गर्नुभयो।

१०. विशेष समयको छलफलमा भाग लिनु हुंदै सभासद श्री हेरा ब्याजुले भ.न.पा.७ स्थित हनुमानघाट व्यवस्थित गर्नुपर्ने, उपचार पोखरी संचालनमा ल्याउनु पर्ने, हनुमन्ते र खासाङ्गखुसुङ्ग खोलालाई पुनर्जिवन प्रदान गर्न आवश्यक पहल गर्नुपर्ने, बालसेवक आधारभूत विद्यालय स्थानान्तरण गर्न आवश्यक जग्गा

व्यवस्था गर्नुपर्ने र भक्तपुर मालपोत कार्यालय क्षेत्रको अव्यवस्थित पार्किङ्ग व्यवस्थित गर्नुपर्ने धारणा राख्नुभयो ।

११. सभासद श्री शिवप्रसाद बालाले छलफलमा भाग लिनु हुंदै देशघाती एम.सी.सीं खारेज गर्नुपर्ने, नयाँ घर निर्माण गर्दा अण्डरग्राउण्ड कभरेज निश्चित गर्नुपर्ने, तुमचो दुगुरे क्षेत्रमा खानेपानीको व्यवस्थापन गर्नुपर्ने र सोको लागि प्रत्येक घर परिवारसंग शुल्क उठाउने भन्ने विषय प्रष्ट पार्नुपर्ने, वडा निरीक्ष्ँकहरुलाई जिम्मेवार र जवाफदेही बनाउनु पर्ने र ब्रम्हायणी पुल निर्माणमा हाल भइरहेको आइबिम पुल निर्मँणपछि पुरानो जगाति क्षेत्रबाट लिवाली आउनु खोलामा पुलको रुपमा प्रयोग गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

१२. छलफलमा भाग लिनु हुंदै सभासद श्री जितेन्द्र मुनंकर्मीले २०७७ सालमा आफू कोरोना संक्रमित भई मृत्युको मुखमा पुगेको कहालिलाग्दो अनुभव सभामा पेश गर्नु हुंदै संकटको बेलामा सरकारी अस्पतालहरुलाई सबल र साधनयुक्त बनाई जनताको सेवामा सदुपयोग गर्नुपर्ने र भ.न.पा. द्वारा संचालित ख्वप अस्पतालबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने विचार राख्नु भयो ।

१३. विशेष समयको छलफलमा भाग लिनु हुंदै सभासद श्री गोविन्द दुवालले स्थानीय निर्वाचनको बेला जारी गरेको घोषणापत्रमा उल्लेख भए बमोजिम अरनिको सभाभवन निर्माण कार्य यथाशीघ्र शुरु गर्नुपर्ने, नगरपालिकामा लामो समयदेखि कार्यरत कर्मचारीहरुको सेवा सुविधा र वृत्ति विकासको अवसरको व्यवस्था गर्नुपर्ने, अनियमित निर्माण रोक्न वडा निरीक्षकहरुलाई जिम्मेवार बनाउनु पर्ने र देशघाती एम.सी.सी. सम्झौता खारेज गर्नुपर्ने विचार राख्नुभयो ।

१४. सभा अध्यक्ष प्रजापतिले विशेष समयमा बोल्नु भएका सभासदहरुले उठाउनु भएका विभिन्न विषयहरुमा प्रकाश पार्न सम्बन्धित समितिका संयोजक र सदस्यहरुलाई समय प्रदान गर्नुभयो र समय प्राप्त गरी निम्न अनुसारका संयोजक र सदस्यहरुले सभासदहरुले उठाउनु भएका आ–आफ्नो समितिसंग सम्बन्धित जिज्ञासाबारे प्रष्ट पार्नुभयो ।

१४. क. सहकारी अनुगमन समितिका संयोजक श्री हरिप्रसाद बासुकला

ख. खानेपानीको स्रोत पहिचान तथा संभाव्यता अध्ययन समितिका संयोजक श्री महेन्द्र खायमली

ग. कृषि समितिका संयोजक श्री राजकृष्ण गोरा

घ. वातावरण तथा पर्यटन समितिका संयोजक एवम् शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिका संयोजक श्री रविन्द्र ज्याख्व

ङ. निर्माण समितिका संयोजक श्री उकेश कवां आफ्नो समितिसंग सम्बन्धित जिज्ञासाहरुको बारे प्रष्ट पार्नुभयो ।

१५. सभा अध्यक्ष प्रजापतिले सभाको बैठक १५ मिनेटको लागि स्थगित गरेको जानकारी गराउनु भयो ।

१६. सभा अध्यक्ष प्रजापतिले बैठक पुनः संचालन गर्नुहुंदै विधायन समितिका संयोजक श्री हरिराम सुवाललाई भक्तपुर नगरपालिका विपदमा परेकालाई राहत वितरण गर्ने सम्बन्धी निर्देशिका, २०७८ सभा पेश गर्न समय प्रदान गर्नुभयो र संयोजक सुवालले सभामा उक्त निर्देशिका पेश गर्नुभयो ।

१७. सभा अध्यक्ष प्रजापतिले उक्त निर्देशिकामाथि छलफलमा भाग लिन चाहने सभासदहरुलाई समय प्रदान गर्नुभयो र छलफलमा भाग लिनु हुंदै सभासद श्री शिवप्रसाद बालाले निर्देशिकामा विपदको शीर्षकहरुमा भूकम्प र आगलागि छुटेकोले थप्नु पर्ने विचार व्यक्त गर्नुभयो ।

१८. सभा अध्यक्ष प्रजापतिले प्रस्तुत भक्तपुर नगरपालिका विपदमा परेकालाई राहत वितरण गर्ने सम्बन्धी निर्देशिका, २०७८ पारित गर्न सभामा पेश गर्नुभयो र सभाबाट उक्त निर्देशिका सर्वसम्मितिले पारित भएको घोषणा गर्नुभयो ।

१९. सभा अध्यक्ष प्रजापतिले लेखा समितिका संयोजक श्री हरिप्रसाद बासुकलालाई भक्तपुर नगरपालिकाको लेखा समितिको प्रतिवेदन २०७८ सभामा पेश गर्न समय प्रदान गर्नुभयो र संयोजक बासुकलाले प्रतिवेदन सभामा पेश गर्नुभयो ।

२०. सभा अध्यक्ष प्रजापतिले ११ औं नगर सभाको अर्को बैठक २०७८ फागुन ९ गते, दिनको १:०० बजे बस्ने जानकारी गराउनु भयो ।

# भक्तपुर नगरपालिकाको एघारौं नगर सभा (पाँचौं दिन)

## २०७८ फागुन ९ गते, बिहीबार

१. सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिबाट एघारौं नगर सभाको पाँचौं दिनको बैठक शुरु गर्नु हुंदै 'भक्तपुर नगरपालिकाको लेखा समितिको प्रतिवेदन, २०७८' सम्बन्धी छलफलमा भाग लिन चाहनु हुने सभासदहरुलाई नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

२. छलफलमा भाग लिनु हुंदै सभासद श्री राजेन्द्र माकले मंगलतिर्थ वडा नं. ३ हुनु पर्ने र वडा नं. ११ उल्लेख भएकोमा साविक वडा नं. ११ हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

३. सभासद श्री कृष्ण गोपाल चौगुठीले छलफलमा भाग लिनु हुंदै मंगलतिर्थदेखि राममन्दिरसम्मको खोला सुधार कार्यक्रमको बेरुजु र वडा नं. ३, वडा कार्यालयको भवन निर्माणको बेरुजु नियमित गर्न आवश्यक पहल गर्नुपर्ने विचार राख्नुभयो ।

४. छलफलमा भाग लिनु हुंदै सभासद श्री शिवप्रसाद बालाले प्रतिवेदनमा भाषा शुद्ध गर्नुपर्ने, रकमहरुको जोड नमिलेको देखिएकोले मिलाउनु पर्ने, पूर्व नगर परिषदबाट निर्णय भइसकेका विषयहरु समेत यस प्रतिवेदनमा पुनः उल्लेख भएकोले सोबारे प्रष्ट पार्नुपर्ने धारणा राख्नुभयो ।

५. सभा अध्यक्ष प्रजापतिले लेखा समितिको प्रतिवेदनमाथिको छलफलमा सभासदहरुले उठाउनु भएको जिज्ञासाहरुबारे प्रष्ट पार्न लेखा समितिका संयोजक श्री हरिप्रसाद बासुकलालाई समय प्रदान गर्नुभयो र संयोजक  बासुकलाले सभासदहरुले उठाउनु भएका विषयहरुमा सभा प्रष्ट पार्नुभयो ।

६. सभा अध्यक्ष प्रजापतिले निम्न बमोजिमका 'भक्तपुर नगरपालिकाको लेखा समितिको प्रतिवेदन, २०७८' पारित गर्न सभामा पेश गर्नुभयो र सभाबाट सर्वसम्मतिले उक्त प्रतिवेदन पारित भएको घोषणा गर्नुभयो ।

७. सभा अध्यक्ष प्रजापतिले विधायन समितिका संयोजक श्री हरिराम सुवाललाई ख्वप टेलिभिजन संचालन तथा प्रसारण नियमावली, २०७८ सभामा पेश गर्न समय प्रदान गर्नुभयो र संयोजक सुवालले उक्त नियमावली सभामा पेश गर्नुभयो ।

८. सभा अध्यक्ष प्रजापतिले सभाको अर्को बैठक २०७८।११।१० गते, दिनको १:०० बजे बस्ने जानकारी दिनु भयो ।

# भक्तपुर नगरपालिकाको एघारौं नगर सभा (छैटौं दिन)

## २०७८ फागुन १० गते, मंगलबार

१. सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिबाट एघारौं नगर सभाको छैटौं दिनको बैठक शुरु गर्नु हुंदै विशेष समयको व्यवस्था गरेको जानकारी गराउनु हुंदै विशेष समयमा बोल्न चाहनु हुने सभासदहरुले नाम टिपाउन हुन र नाम टिप्न कर्मचरीहरुलाई निर्देशन दिनु भयो ।

२. विशेष समयमा बोल्नु हुंदै सभासद श्री सिद्धिराम अवालले एम.सी.सी. देशघाती भएकोले यसको विरोध गर्नुपर्ने, छुमा गणेश द्योछें जीर्णोद्धार गर्नुपर्ने, न.पा.का कर्मचारीहरुको स्थायी र बढुवा गर्नुपर्ने, वडा नं. ६ को शिशु स्याहार केन्द्रको लागि नयां भवन निर्माण गर्नुपर्ने, अरनिको सभा भवनको निर्माण गर्नुपर्ने, देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजना शिघ्र सम्पन्न गर्नुपर्ने, वैनापत्ता दस्तुर प्रतिशतको आधारमा लिनुपर्ने विचार राख्नुभयो ।

३. विशेष समयमा बोल्नु हुंदै सभासद श्री बलराम न्हिसुतुले एम.सी.सी. खारेजी र प्रहरी दमनको विरोध गर्नुपर्ने, सडक मापदण्ड फेरिरहन नहुने र दिगो बनाउने पर्ने, ५ नं. वडाको जनस्वास्थ्य केन्द्र को सेवा सुधार र वृद्धि गर्नुपर्ने, टौमढी र दरवार क्षेत्रमा डष्टविनको व्यवस्था गर्नुपर्ने, खेलकुद तालिमलाई प्रभावकारी बनाउनु पर्ने, वडा र नगर निरीक्ष्ँकहरुलाई जिम्मेवार बनाउनु पर्ने, बजार व्यवस्थापन प्रभावकारी नभएको विचार व्यक्त गर्नुभयो ।

४. सभासद श्री शिवप्रसाद बालाले चलन चल्तीको बाटोको (कुवा, पंधेरो र भुलां जाने) को संरक्षण र कायम गरी मापदण्ड निर्धारण गर्नुपर्ने, उपभोक्ता समितिबाट योजना कार्यान्वयन गर्दा अझ व्यवस्थित ढंगले कार्यान्वयन गर्नुपर्ने, खोलाको सिमा र मापदण्ड निश्चित गर्नुपर्ने, खोलाको माटो झिकेर घाट व्यवस्थित गर्नुपर्ने विचार राख्नु भयो ।

५. विशेष समयमा बोल्नु हुंदै सभासद श्री श्याम सुन्दर मातांले एम.सी.सी. टेबल गरेको विरोधमा खेद प्रस्ताव पास गर्नुपर्ने, ख्वप अस्पतालका कर्मचारीहरुको व्यवहार सुधार गर्नुपर्ने, हाकुफो हिटी क्षेत्रका निर्माण सामग्री पसलहरुलाई व्यवस्थित गर्नुपर्ने, निरीक्ष्ँकहरुलाई क्रियाशील गर्नुपर्ने, हाकुफो हिटीको निकास व्यवस्था गर्नुपर्ने, इन्द्रायणी पीठ क्षेत्रको ढुंगेधाराको निकास खोल्नु पर्ने, नःपुखुको वातावरण सुधार गर्नुपर्ने, नगर प्रहरी व्यवस्था गर्नुपर्ने, देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजना सिघ्र सम्पन्न गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

६. सभासद श्री राजेन्द्र माकले विस्केट जात्रा अगाडि नै मा निर्माणाधीन नरसिंह मन्दिर सुरक्षा व्यवस्था गर्नुपर्ने, खानेपानीको थप स्रोतको व्यवस्था गर्नुपर्ने, केतामरु घाटमा पुल निर्माण गर्नुपर्ने, ख्वप अस्पतालका कर्मचारीहरुलाई शिष्टाचार सिकाउनु पर्ने, मंगलतिर्थ घाट सुधार गर्नुपर्ने, सुकुन्दा फांटमा घर निर्माण बढिरहेकोले उक्त क्षेत्रलाई कृषि क्षेत्र घोषणा गर्नुपर्ने, नक्सा पाससम्बन्धी जनगुनासो सम्बोधन गर्नुपर्ने, बैठक भत्ता असुल उपर गर्नुपर्ने महालेखाको रिपोर्ट अन्यायपूर्ण भएकोले यसलाई नियमित गराउनु पर्ने विचार रँख्नु भयो ।

७. विशेष समयमा बोल्नु हुंदै सभासद श्री सूर्य प्रसाद श्रेष्ठले हनुमन्ते खोला सुधार र स्तरोन्नती गर्नुपर्ने, खोला छेउमा फोहर फाल्न रोक्नु पर्ने, खानेपानी समस्या समाधान गर्नुपर्ने, निर्माण सम्पन्न प्रमाणपत्र लिएपछि अनियमित गर्नेलाई कारवाही गरी नियन्त्रण गर्नुपर्ने, चुनदेवी स्थानको डम्पिङ्ग व्यवस्थित गर्नुपर्ने विकास निर्माण सबै काम उपभोक्ता समिति मार्फत गर्न पहल गर्नुपर्ने, १ नं. वडाको भैल युदेखि सल्लाघारीसम्मको क्षेत्रमा निजी प्लानिङ्ग गर्ने खोजिरहेकोले यसको व्यवस्थापन गर्नुपर्ने विचार राख्नु भयो ।

८. सभासद श्री जितेन्द्र मुनंकर्मीले सांचा पाटी जीर्णोद्धार गर्नुपर्ने, सो क्षेत्रमा भएको दुर्घटनाबाट बागीश्वरी कलेज २ जना छात्राहरु घाइते भएको सम्बन्धमा चांगु नारायण नगरपालिकामा भएको सर्वदलीय बैठकमा सहभागी भएर प्राप्त भएको सूचना जानकारी गराउनु भयो र उक्त क्षेत्रको सडक फराकिलो पार्न सैनिक प्रतिष्ठान र स्थानीय किसानहरु सहमत भएको र उक्त क्षेत्रको सांचा पाटी भ.न.पा.ले निर्माण गर्नुपर्ने प्रस्ताव आएको जानकारी गराउनु भयो, खानेपानीको समस्या समाधान गर्न जेगडा कोषको रकम सदुपयोग गर्नुपर्ने, ख्वप अस्पतालको टिकेटिङ्ग व्यवस्थित गर्नुपर्ने, स्वास्थ्य बीमा औषधी सहज वितरणको व्यवस्था गर्नुपर्ने, खानेपानीको मुहान र स्रोत संरक्षण गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

९. विशेष समयमा बोल्नु हुंदै सभासद श्री गोविन्द दुवालले छुमा गणेश द्योछें जीर्णोद्धार गर्नुपर्ने, भक्तपुर नगरपालिका क्षेत्रको पानीको मुहान क्षेत्र महादेव पोखरी क्षेत्रलाई जलाधार क्षेत्र घोषणा गराई संरक्षण गर्नुपर्ने, गडगडे खोलाको पानी भक्तपुर ल्याउन आवश्यक पहल गर्नुपर्ने, सरकारी पूर्वाग्रहको कारण खानेपानी समस्या जटिलतातर्फ बढेकोले यसको समाधान गर्नुपर्ने विचार राख्नुभयो ।

१०. सभा अध्यक्ष प्रजापतिले सभासदहरुको जिज्ञासाहरुबारे प्रष्ट पार्न क्रमशः निम्न समितिका संयोजक र सदस्यहरुलाई समय प्रदान गर्नुभयो र जिज्ञासाहरु प्रष्ट पार्नुभयो :

क. देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजना तथा आवास योजनाका सदस्य श्री हरिप्रसाद बासुकला

ख. खानेपानी समितिका संयोजक श्री महेन्द्र खायमली

ग. शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिका सदस्य श्री रविन्द्र ज्याख्व

११. सभा अध्यक्ष प्रजापतिले बैठक १० मिनेटको लागि स्थगित भएको जानकारी गराउनु भयो ।

१२. सभा अध्यक्ष प्रजापतिले बैठक पुनः संचालन गर्नुहुंदै 'ख्वप टेलिभिजन संचालन तथा प्रसारण नियमावली, २०७८' माथि छलफलको लागि समय प्रदान गर्नुभयो र छलफलमा भाग लिनु हुंदै सभासद श्री राजेन्द्र माकले अन्य टेलिभिजनहरुमा एम.सी.सी. बारे गलत प्रचार भइरहेकोले सही समाचार सम्प्रेषण गर्न ख्वप टेलिभिजन संचालन तथा प्रसारण गर्नुपर्ने विचार राख्नुभयो ।

१३. सभासद श्री श्यामसुन्दर मातांल छलफलमा भाग लिनु हुंदै नियमावलीमा अनुसूची १ उल्लेख भएको तर संलग्न नभएको, उद्देश्य परिच्छेद थप गरी बुंदा थप्नुपर्ने, आई. टी. का विज्ञहरु समावेश गर्नुपर्ने, ६ नं. बुंदामा संचालन तथा व्यवस्थापन समिति हुनुपर्नेमा अध्यक्ष उल्लेख भएको र विनियमको व्याख्या गने 'अधिकार' भन्ने शब्द छुट भएको धारणा राख्नुभयो ।

१४. छलफलमा भाग लिनु हुंदै सभासद श्री सूर्य प्रसाद श्रेष्ठले भ.न.पा. लगायत देशको समसामयिक कुरा प्रसारण गर्न टेलिभिजनको आवश्यक भएको, च्याउ उम्रे जस्तो गरी संचार माध्यमहरु आएको तर प्रसारण गर्दा जनतालाई भ्रममा राख्ने गरेको, ख्वप टेलिभिजनले सत्य तथ्य सूचना संम्प्रेषण हुने विश्वास लिएको, बुंदा नं. ५ मा वडाका बुद्धिजीवी थप्नुपर्ने र कर्मचारी सम्बन्धी व्यवस्थामा टेलिभिजनको बदनाम गर्ने वा आँच आउने काम गर्नेलाई निलम्बन गर्नुपर्ने व्यवस्था राख्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

१५. सभासद श्री गोविन्द दुवालले छलफलमा भाग लिनु हुंदै बुंदा नं. ६ मा गणपूरक संख्या र बहुमत थप गर्नुपर्ने विचार राख्नुभयो ।

१६. 'ख्वप टेलिभिजन संचालन तथा प्रसारण नियमावली, २०७८' माथिको छलफलमा भाग लिनु हुने जिज्ञासालाई प्रष्ट पार्न सभा अध्यक्षबाट समय प्राप्त गरी विधायन समितिका संयोजक श्री हरिराम सुवालले सभासदहरुको जिज्ञासा प्रष्ट पार्नुभयो ।

१७. सभा अध्यक्ष प्रजापतिले 'ख्वप टेलिभिजन संचालन तथा प्रसारण नियमावली, २०७८' पारित गर्न सभामा पेश गर्नुभयो र सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

१८. सभा अध्यक्ष प्रजापतिले विधायन समितिका संयोजक श्री हरिराम सुवाललाई भक्तपुर नगरपालिकाको शिक्षा ऐन, २०७४, ख्वप अस्पताल संचालन तथा व्यवस्थापन नियमावली, २०७७, केही विनियम संशोधन गर्न बनेको विधेयक, २०७८ सभामा पेश गर्न समय प्रदान गर्नुभयो र संयोजक सुवालले उक्त प्रस्ताव सभामा पेश गर्नु भयो ।

१९.सभा अध्यक्ष प्रजापतिले प्रस्तुत संशोधन प्रस्तावमाथि छलफलमा भाग लिन समय प्रदान गर्नुभयो र छलफलमा भाग लिनुहुंदै सभासद श्री गोविन्द दुवालले जनप्रतिनिधि खाली हुंदा समस्या आउने भएकोले संशोधन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

२०. सभासद श्री हरिरत्न गोर्खालीले छलफलमा भाग लिनु हुंदै संशोधन प्रस्तावमा विद्यालयहरुको हकमा पनि विषय थप गर्नुपर्ने विचार राख्नुभयो ।

२१. सभा अध्यक्ष प्रजापतिले प्रस्तुत संशोधन प्रस्ताव पारित गर्न सभामा पेश गर्नुभयो र उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित भएको घोषणा गर्नुभयो ।

२२. सभा अध्यक्ष प्रजापतिले एघारौं नगर सभा सम्पन्न भएको घोषणा गर्नुभयो ।